# निशा

-विद्या सापकोटा 'निर्जला'

म एक्लै परेको छु घरमा, त्यै मेरो एकान्तलाइ ढाक्न केके केके मेरो मनभरी डुलिरहन्छन् । मेरो बालशखा मेरो आखामा घुमेकोघुम्यै छे, मलाइ घच्घच्याएर, जिस्क्याएर, बारम्बार सोचपुर्ण बनाएर । म सवाल जवाफ विहिन भएको छु । साँच्चै उ हराइ ...........??

"हलो ! हलो !सुरज बोल्नु भा'हो ?"
" अँ के छ तपाइ नआउ'नी ?"
" तिमि त कस्तो धोकेवाज रहेछौं यार, मेरो माया लाग्दैन ?"
" कति माया गर्छ त्यो त भरे थाहा भैहाल्छ नी, भरे आउ है, कसम आउछौं ? आउ हैत म बाटो कुरेर बस्छु । "
"साले सधै झुट बोल्छ, " भुतभुताउदै फोन राख्छे उसको फोन थिच्ने र राख्ने क्रम चलिरहेको छ ।

" हेलो रमित हो? मलाइ चिन्यौ?"
" कस्तो भाई तिमि त , आफ्नै गलफ्रेण्डलाइ पनि विर्सने । "
" ल...ल ठिक छ, बरु त्यतैबाट फोन गरन, म टट्टु टाट छु । "
"हेरौं गर्दोरैछ कि रै'नछ ।"
" अँ भन किन नआको, एकचोटी पनि आउन मन लागेन ?"
"आफूभने बाटो हेर्दाहेर्दै......................................।"
"खाते कसैकी नभाकी त्यसकी स्वास्नी ।"

"ओइ काले तैले मलाइ किन झुक्याएको हँ ?"
"तँ आफूले आफूलाइ के सोच्छस् हँ ? मोवाइलमा सुको छैन ,न पैसा पठाउँछ न आउँछ । अँ सुन् भरे आइज नि । तेरो साथिहरु त्यो के त जनक, कुमार सबैलाइ लिएर आइज आ, नत्र म कहिल्यै वोल्दिन । "
"तँ आउन्नस काले, नआ नआ तलाइ मेरो के मतलव छ र ?" हुँ ..........हुँ सुक्क सुक्क रुन थाल्छे ।
"त्यसोभए आइज नत, गाँठ चाहि टन्न ले नि । सुन न म अस्ति कान्तिपुर गा'को क्या दामी दामी लुगाहरु आ'रैछ यार । तँ नआएर म आत्तिरा'छु । "
"भरे आइज ल, फोन पनि उधारो गरेको यार, एकचाटि दिन्नस्, ल छिटो दे.................." हा हा हा अट्टहास छोड्छे ।

"आइ लभ यु काले बाइबाइ" फोन चुम्दै ठ्याक्क फोन राखिदिन्छे र गालिदिन भने छाड्दिन । तँलाइ कसरि ठिक पार्नुपर्छ मैले जानेकि छु ...यस्तैयस्तै फतफताउदै हुन्थि उ अर्थात निशा । उसको दिनचर्या यसरी नै वित्थ्यो । मलाइ उ गजव कि कलाकार लाग्छे । अचम्म छ एकैछिनमा

ग्वाँ ग्वाँ रोइदिन सक्छे , एकैछिनमा गलल्ल हाँस्छे । निशा साँच्चे निशा नै छे । न उसको मनभित्र के छ पढ्न सकिन्छ न त भविष्य र वर्तमान नै नाप्न सकिन्छ ।

उसको घर पश्चिम नेपालमा छ । घरमा उसका बुढा बा-आमा र एउटा भाइ छ । म उसलाइ सानैदेखि चिन्छु । किनकी हामी एउटै गाँउका हौं । उसका बा अर्थात गाँउभरिका 'गान्टे दमाइ' चाडवाडका बेला हामिहरु कहाँ पनि कपडा सिलाइदिन र वालि उठाउन आउथे । उ पनि बा को पुच्छर लागेर आइरहन्थि । हामि अनायासै साथि भएका थियौ । पछि गाँउमा द्वन्द्व चर्कियो, द्वन्द्वको मारले स्कूल पनि बन्द भयो, हामी शहर आयौं । सर्वहारा वर्ग भनेर उनिहरुलाइ शुरुमा कसैले केहि गरेन तर जव उ अलि ठूलि हुदै गइ उसको काधमा पनि बन्दुक थमाइने भयो । त्यै मौकामा उसकी फूपू माइत गई र उसलाइ फकाएर शहर भित्र्याई ।

हामि जिजिविषाको लागि विरानो शहरमा सर्घष गरिरहेका थियौं । यसैविच हाम्रो पसलमा झुल्किन थालेकी नयाँ केटि मेरो वालशखा 'काली' रहिछे । उसको नाम कालि त कालि थियो तर परिस्कृत काली 'निशा' । निशा हाइफाइको जिन्दगी विताउथी । हातमा महगां मोवाइलसेट, नयाँ नयाँ ड्रेसअप, नयाँ नयाँ मानिससँगको सँगत । भन्थी "यस्ता केटाहरुलाइ त एउटै औलामा नचाउछु ।" तर विवशता उहि छ, पिडा थपिएको छ, अस्मिता बेचिइरहेको छ, भविष्य नाम जस्तै अन्धकार ।

उ मेरी वालशखा जरुर हो तर कस्तो विवशता, मैले मेरो साथि भन्दामात्र पनि समाज ओठ खुम्च्याउँछ , चिन्नेहरु जिव्रो टोक्छन् । उसलाइ 'क्याविन गर्ल' वाट साधारण केटि वनाउन मैले नचाहेको होइन । उसले सावाँ अक्षर चिन्नुबाहेक अरु पढ्न पाइन, अरु शीप पनि त थिएन । 'गिट्टि कुट्नु र भारी बोक्नुभन्दा यहि ठिक छ, म खुसी छु ' उ हाकाहाकी भन्थी । अजङ्ग जिउ भएकी फुपु लाज पचाएरै उसको भाउ लगाउथी । निशाले पनि अब लाज र शरम विर्सिसकी, फोनमै पनि छाडाछाडा बोल्थी । म परिवर्तित 'काली' देखेर जिल्ल परिरहेकी छु । अचम्मको छ यो समाज, पहिले यसो छोइदा पनि सुनपानी छर्केर/गाइको गोबर कुल्चेर आफूलाइ चोख्याउनेहरु उसको वैंश/यौवन किन्न हानथाप गरिरहेका छन् । तर जे होस्, उसले आफ्ना बाबुआमा र भाइलाइ भने राम्रै व्यवस्था मिलादिएकी थिइ । भन्थि, भाइ राम्रो स्कूलमा पढ्दैछ ।

"ओइ तँ साले आइनस् हैन ?"
"ए ! मोवाइल पनि स्वास्निलाइ दिइस् ।"
"ओ साली ! आफ्नो लोग्नेलाइ तह लगाएर राख्न सक्दिनस् मलाइ कराउछेस् ? तेरो लोग्ने रिझाउन नसक्नु तेरो कमजोरि हो, सक्छेस भने बाधेर राख् न"..................नशामा मात्तिएर उ गर्जिइ । ................हरु आफ्नो पोइलाइ सम्हाल्न सक्दैनन् , मलाइ थर्काउछन् , लर्वराउदै निशा निस्केकी थिइ ।

केहिदिनपछि मोटि फूपु "कहाँ मुन्टि कुन्नि? सिगान पुछ्न जान्दिनथी, अहिले म सँगसगै लाग्छे वेशरम राँड" भन्दै फतफताएको सुनियो ।
त्यसपछिका दिनमा हाम्रो एरियामा निशाको अत्तोपत्तो थिएन । उ कहाँ गइ, के गरि पत्तै भएन । मतलवको कुरा पनि बनेन त्यो, उसको दुनिया अर्कै थियो ।

"नमस्ते दिदि !"
"मलाइ चिन्नु भएन ? "

एउटा हँसमुख युवक मलाइ बोलाउदै थियो, म अड्कल लगाउन नसकेर जिल्लिरहेको थिए ।
"म प्रितम ! "
"कस्तो विर्सनुभएको 'काले' के त पल्लो गाँउको । "
"ए ! तिमी ......."....म छक्क परेँ । कति ठूलो र शालिन भएछ काले ।
"अँ भन के छ, के गर्दै छौ ? वाआमा र दिदिको के छ?"
"म यतै वस्छु , अव क्याम्पस भर्ना हुनुपर्ला । बा-आमा त गाँउमै हो, दिदिको अत्तोपत्तो छैन । फेरि त्यो कुकुर्निको के कुरा गर्नु , जाँसुके मरोस ॥ "
"हेर्नुस न साथिहरु पर्खिराछन् म जान्छु, पछि आउछु नि ल", दगु-यो ।

कत्ति अचम्मको छ समय अनि यो समाजको खेल । परिस्थितीले उसलाइ ठग्यो । आफू ठगिए पनि भाइको भविष्य राम्रो होस भनेर उसले आफैलाइ बेची, बेचीरही । आज त्यै आफ्नो भाइ उसको नाम सुन्नपनि चाहन्न ।

समय हो आफ्नै रफ्तारमा वित्दै जान्छ । प्रितम पनि मेरै कलेजमा भर्ना भयो । एकदिन हामि घर फर्कदै थियौ । एकादशीको दिन थियो क्यार, हामी पनि मन्दिर पस्यौं । मन्दिर छेउमा भिडभाड थियो । भिडको वीचमा एउटा सानो बालक रोइरहेको थियो कोलाहालपुर्ण चित्कार । छेवैमा भिङ्गा भन्किरहेको एउटा मुड शरिर ढलिरहेको थियो ।

"कस्तो मरण हैं ??"
"कस्तो जिन्दगी विचरा । "
"के को विचरा नि, कुन चाँहिको पाप हो, छाडेर मरी । "
"आफू त कुहिइ कुहिइ, त्यो वच्चा पनि कुहिने भो । "
"दुनियाँको घर विगारेकी थिइ, पाप कराको । "

मानिसहरु आफ्नै किसिमले ओकलिइरहेका थिए, तथानाम कराइरहेका थिए । प्रितमले मेरो मुखमा हेर्दै सोध्यो "विचरा को होला है दिदि ?" उसैले पछ्यौरा उठायो ।

त्यो त हाम्रै काली पो रहिछे । निशामा डुवेकी काली । दुनियाँभन्दा टाढा पुगिसकेकी 'जड काली' ।

कल्याणपुर ७, नुवाकोट
हाल: शंकरदेव कलेज, काठमाडौं ।
nirjala0008@gmail.com/sapkota.bidhya@yahoo.com